एम्नेस्टी इन्टरनेसनल

# प्रेस विज्ञप्ति

**००:०१ बिएसटी बुधवार २३ अप्रिल २०१४ (१० बैशाख २०७१) सम्म सख्त इम्बार्गो**

## कतारमा विदेशी घरेलु श्रमिकहरु: धोखा, जबर्जस्ती श्रम र हिंसाका त्रासदीपूर्ण घटनाहरु

जबर्जस्ती श्रम र शारीरिक एवं यौनजन्य हिंसा जस्ता गम्भीर शोषणमा परेका आप्रवासी घरेलु श्रमिकहरुलाई संरक्षण प्रदान गर्न कतारका अधिकारीहरु असफल भइरहेको एम्नेस्टी इन्टरनेसनलद्वारा आज सार्वजनिक गरेको नयाँ प्रतिवेदनमा जनाइएको छ ।

**"मेरो सुताई नै मेरो विश्राम हो : कतारमा आप्रवासी घरेलु श्रमिकहरु उपर शोषण"** *(MY SLEEP IS MY BREAK: Exploitation of Migrant Domestic Workers in Qatar)* ले कतारमा कामका लागि गएका महिलाहरुको निराशाजनक चित्र प्रस्तुत गरेको छ । कामका लागि भर्ना लिनु अघि महिलाहरुलाई तलब र कामका शर्त एवं अवस्थाका बारेमा झूठो कुरा बताइएको हुन्छ, तर उनीहरुले हप्तामा सातै दिन र तोकिएभन्दा धेरै घण्टासम्म काम गर्नु पर्दछ । केही महिलाहरुले उनीहरुमाथि शारीरिक र यौनजन्य हिंसाका कस्ता कस्ता कहालीलाग्दा शृङ्खलाहरु भए भनी त्यसको बृतान्त पनि सुनाए ।

"घरेलु आप्रवासी श्रमिकहरु त्यस्तो विभेदकारी प्रणालीको शिकार भएका छन् जसले उनीहरुको आधारभूत प्रकारको संरक्षण समेत प्रदान गर्दैन र उनीहरु उपरलाई जबरजस्ती श्रम तथा मानव बेचबिखनसम्मको शोषण एवं ज्यादतीको अवस्थामा पुर्‍याउँदछ", एम्नेस्टी इन्टरनेसनलका विश्वव्यापी मामिला सम्बन्धी निर्देशक अड्री गाउघ्रनले भनिन् ।

"हामीले त्यस्ता महिलाहरुसँग कुरा गरेका छौँ जसलाई ज्यादै नै झुट कुराहरु बताएर ल्याइएको थियो तर त्यहाँ पुगेपछि भने घरबाट बाहिर समेत निस्कन नदिने हिंस्रक रोजगारदाताको कब्जामा (बन्द अवस्थामा) पारिएको थियो । केही महिलाहरुले त आफूले काम छोड्न चाहेको कुरा बताउँदा रोजगारदाताले शारीरिक हिंसाको धम्की दिएको पनि सुनाए ।"

खाडीको यस देशमा कम्तिमा पनि ८४,००० महिला घरेलु श्रमिकहरु रहेका छन्, जो मुख्य रुपमा दक्षिण र दक्षिण पूर्वी एशियाबाट त्यहाँ गएका हुन् । उनीहरुमध्ये धेरैजना तोकिए भन्दा धेरै घण्टा काम गर्न वाध्य पारिइन्छन् । अनुसन्धानकर्ताहरुले कुनै पनि दिन बिदा (विश्राम) नपाएका महिलाहरुसँग पनि अन्तर्वार्ता लिएका थिए र कतिपय अवस्था त उनीहरुले हप्तामा १०० घण्टासम्म काम गर्ने गरेका थिए । धेरैजनाले कतार आउनुभन्दा अगाडि आफूलाई राम्रो तलब सुविधा र काम गर्ने वातावरण प्राप्त हुने बाचा गरिएको तर त्यहाँ आइपुगेपछि भने ती सारा विश्वास र आशाहरु चकनाचुर भएको बताए ।

कतारको कानुन अनुसार घरेलु श्रमिकहरुका लागि कार्यघण्टाको कुनै सीमा तोकिएको छैन भने उनीहरुलाई बिदा दिनुपर्ने व्यवस्था पनि कानुनमा गरिएको छैन । उनीहरुले श्रम मन्त्रालयमा उजुरी गर्न पनि

सक्दैनन् ।

“महिलाहरु जो ज्यादतीकर्ताको घरपरिवारमा पुग्दछन्, उनीहरुले असाध्यै दर्दनाक अवस्थाको सामना गर्नु पर्दछ । उनीहरुसँग थोरैमात्रै विकल्प हुन्छन् र त्यहाँबाट बाहिरीने विकल्प रोजेमा उनीहरुलाई ‘भगौडा’ भनी हिरासतमा लिने र फिर्ता पठाउने सम्भावना हुन्छ” अड्री गाउघ्रानले भनिन् ।

घरेलु श्रमिकहरु प्रतिबन्धात्मक स्पोन्सरसीप प्रणाली अन्तर्गत गएका हुन्छन्, जसअनुसार आप्रवासी श्रमिकहरुले रोजगारदाताको अनुमति बिना काम वा देश छोड्न पाउँदैनन् ।

केही महिलाहरुले राम्रो काम र व्यवहार पनि नपाएका होइनन् । तर ज्यादतीको सामना गर्नुपरिरहेका महिलाका हकमा “भाग्नु” बाहेकका थोरै विकल्प मात्रै बाँकी रहन्छन् । तर यसरी भाग्दा “भगौडा” भनेर गिरफ्तारी र थुनामा पर्ने वा फिर्ता पठाइने जोखिममा उनीहरु पर्दछन् । मार्च २०१३ मा दोहाको डिपोर्टेसन सेन्टर (फिर्ता पठाइनेहरुलाई थुनिने कक्ष) मा रहेका महिलाहरुमध्ये ९५ प्रतिशत घरेलु श्रमिकहरु थिए ।

शारीरिक हिंसाबाट बच्न काम गर्ने ठाउँबाट भाग्दा पक्राउ परी डिपोर्टेसन सेन्टरमा राखिएकी एक इण्डोनेसियाली महिलाले अनुसन्धानकर्ताहरुलाई छातिमा रहेको उनको गहिरो घाउ देखाएकी थिइन् । उनलाई रोजगारी दिने महिलाले फलामको तातो रडले डामेका कारणले त्यो चोट लागेको थियो ।

हप्ताको सातै दिन काम गर्नकोलागि बाध्य पारिएको, महिनौंसम्म तलब नदिइएको र घरबाट बाहिर निस्कन पनि नदिइएको कुरा उनले अनुसन्धानकर्ताहरुलाई बताइन् । अन्त्यमा उनी बरु प्रहरीले पक्रोस् र थुनामा राखोस् भनेर त्यो घर छाडेर भागेकी थिइन् ।

## शारीरिक र यौनजन्य ज्यादती

अनुसन्धानकर्ताहरुले हिंस्रक ज्यादतीका डरलाग्दा ‘टेस्टीमोनी’हरु सुनेका थिए । महिलाहरुले बताएका त्यस्ता ज्यादतीहरुमा उनीहरुलाई कुटपिट गरिएको, जगल्ट्याइएको, आँखामा हिर्काइएको र रोजगारदाताहरुले उनीहरुलाई भर्‍याङ्गबाट गुल्ट्याइदिएको लगायत थिए । तीन जनाले त आफूउपर बलात्कार गरिएको पनि बताए ।

जुन महिलामाथि शारीरिक र यौनजन्य ज्यादती भएको हुन्छ, उनीहरुले न्याय पाउनकोलागि सबैले भन्दा ठूलो व्यवधान व्यहोर्नु परिरहेको छ । आफू उपर बलात्कार भएको भनी एम्नेस्टी इन्टरनेसनललाई बताउने कुनै पनि महिलाहरुले आक्रमणकारीहरुलाई अभियोजन गरिएको वा सजाय भएको नपाएको पनि अनुसन्धानकर्ताहरुलाई बताएका थिए ।

एउटा त्रासदीपूर्ण यस्तै घटनामा, एक जना घरेलु श्रमिक उनको मालिकको बलात्कारबाट जोगिनकालागि झ्यालबाट हामफाल्ने क्रममा दुवै गोडा र ढाडको हाड भाँचियो । उनी घाइते र भाग्न नसक्ने भई भुईंमा लडेपछि पनि त्यस रोजगारदाताले उनीमाथि यौनजन्य हर्कत गर्‍यो । त्यसपछि मात्रै उसले एम्बुलेन्स बोलाएको थियो ।

उनीमाथिको आक्रमण भएको ६ महिनापछि एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताहरुले अन्तर्वार्ता लिँदा उनी ह्विलचेयरमै थिइन् । उनको त्यत्रो डरलाग्दो अपाङ्गताको अवस्थाका बाबजुद् सार्वजनिक अभियोजकले प्रमाणको अभाव भन्दै सो मुद्दालाई खारेज गरिदिए र उनी गत वर्ष फिलिपिन्स फर्किइन् । उनको रोजगारदातालाई अहिलेसम्म जवाफदेही बनाइएको छैन ।

यौनजन्य ज्यादतीको उजुरी गर्ने महिलाहरुलाई पनि ‘अवैध सम्बन्ध’ को अभियोग लाग्ने जोखिम रहेको छ । विवाहेत्तरको यौन सम्बन्ध भनी त्यसलाई ‘अपराध’ मानेर सामान्यतया एक वर्षको जेल र फिर्ता

पठाउने सजाय हुने गरेको छ । मार्च २०१३ मा दोहाको महिला कारागारमा रहेकाहरुमध्ये भ्रण्डै ७० प्रतिशत महिला घरेलु श्रमिकहरु थिए । थुनामा रहेकाहरुमा गर्भवती महिलाहरु पनि थिए र दुई वर्ष मुनिका १३ जना बच्चाहरुलाई पनि उनीहरुका आमासँगै हिरासतमा राखिएको थियो ।

कथित 'अवैध सम्बन्ध'को अभियोगको प्रावधानलाई कतारको कानुनबाट अविलम्ब हटाउनु पर्दछ, एम्नेस्टी इन्टरनेसनलले भनेको छ ।

## परिवर्तनकालागि आग्रह

घरेलु र अन्य केही श्रमिकको अधिकारलाई अस्वीकार गर्ने श्रम कानुनका प्रावधानहरु तत्काल हटाउन एम्नेस्टी इन्टरनेसनलले कतारका अधिकारीहरुलाई आग्रह गर्दै आएको छ ।

हालैका वर्षहरुमा, सरकारले पटक–पटक भनेको छ कि घरेलु श्रमिक सम्बन्धी कानुन ल्याइनेछ ।

"सन् २०२२ मा हुने फिफा वर्ल्ड कपका कारण भएको अन्तर्राष्ट्रिय ध्यानकर्षणले कतारमा रहेका निर्माण क्षेत्रका आप्रवासी श्रमिकहरुको समस्याका बारेमा धेरै नै चासो बढेको छ । तर घरेलु श्रमिकहरुको हकमा भने श्रम अधिकार संरक्षण गर्ने कुनै व्यवस्था नगरिइनुले र उनीहरुलाई रोजगारदाताको घरहरुभित्रै मात्र सिमित गरिइनुले उनीहरुमाथि अझ धेरै ज्यादती हुने जोखिम बढाउँदछ" अड्री गाउघ्रमले भनिन् ।

"घरेलु श्रमिकको अधिकार संरक्षण गर्ने भनी सरकारले गरेका कुनै पनि प्रतिबद्धता अहिलेसम्म पूरा भएको छैन । कतारले यसबाट खुट्टा भिक्ने काम गर्नै हुँदैन र घरेलु श्रमिकहरुलाई कानुनी संरक्षण दिने कुरालाई आधारभूत अधिकारको रुपमा अविलम्ब सुनिश्चितता गर्नु पर्दछ ।"

## पृष्ठभूमि

यो प्रतिवेदन ५२ जना महिला घरेलु श्रमिक, सरकारी अधिकारीहरु, घरेलु श्रमिक पठाउने मुलुकका दूतावास र रिक्रुटमेन्ट एजेन्सीहरुसँगको अन्तर्वार्ताका आधारमा तयार गरिएको हो । यसका अलावा अप्ठ्यारोमा परेका घरेलु श्रमिकका लागि कार्यरत संस्थाहरुले उपलब्ध गराएका तथ्याङ्कहरुलाई समेत प्रतिवेदनको आधार बनाइएको छ । एम्नेस्टी इन्टरनेसनलका अनुसन्धानकर्ताले डिपोर्टेसन सेन्टर र कारागारको पनि भ्रमण गरेका थिए ।

कतारको निर्माण क्षेत्रमा रहेका आप्रवासी श्रमिकहरु सम्बन्धमा नोभेम्बर २०१३ मा एम्नेस्टी इन्टरनेसनलले आफ्नो अनुसन्धान प्रतिवेदन प्रकाशित गरेपछि कतार सरकारले डिएलए पाइपर नामक ल फर्मलाई एम्नेस्टी इन्टरनेसनलले उठाएका विषयहरुको बारेमा अध्ययन गर्दै कतारमा रहेका आप्रवासी श्रमिकको अवस्थाका बारेमा विस्तृत पुनरावलोकन गर्न जिम्बेवारी दिइएको घोषणा गरेको थियो । त्यो अध्ययन प्रतिवेदन आगामी हप्ताहरुमा आउने अपेक्षा गरिएको छ ।

**सार्वजनिक दस्तावेज**

****************************************

यसबारेमा थप जानकारीका लागि एम्नेस्टी इन्टरनेसनलको प्रेस अफिस लण्डन, बेलायतको निम्न ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

फोन : ००४४ २० ७४१३ ५५६६
इमेल : press@amnesty.org
ट्वीटर : @amnestypress